# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007 (4th March 1951)

KTM, CDO Regd. No. 07/043/44

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2016 - 2019 )**

**President:**
Dr. Mukti Ram Shrestha
**Immediate Past President:**
Dr. Anjani Kumar Jha
**Senior Vice President:**
Dr. Dhundi Raj Paudel
**Vice President:**
Dr. Mukunda Dahal
**General Secretary:**
Dr. Lochan Karki
**Treasurer:**
Dr. Rakshya Shrestha
**Joint Secretary:**
Dr. Abhimanyu Jha
**Joint Treasurer:**
Dr. Prakash Budhathoky

**Members:**
Dr. Anil Bikram Karki
Dr. Badri Rijal
Dr. Bishwa Raj Dawadi
Dr. Krishna Prasad Paudel
Dr. Sailesh Pradhan
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


पत्र संख्याः २०७४/ने.चि.सं/.......
मिति २०७४ श्रावण २७ गते

# प्रेस विज्ञप्ति

यस संघका आजीवन सदस्य डा. गोविन्द के.सी. को ११ औं आमरण अनसनको १९ दिन भईसक्दा समेत चिकित्सा शिक्षा विधेयकलाई अन्तिम रुप दिन गठित कार्यदलले विवादास्पक निर्णय गरी संसदको महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण समितिको पूर्ण बैठकमा पेश गरेकोप्रति नेपाल चिकित्सक संघ घोर आपत्ति प्रकट गर्दै उक्त निर्णय अविलम्ब फिर्ता लिन जोडदार माग गर्दछ ।

नेपालको चिकित्सा शिक्षाको विश्वसनियता, गुणस्तरीयता र पारदर्शिताका लागि नेपाल चिकित्सक संघ एवं डा. गोविन्द के.सी.सँग विगतका बर्षहरुमा गरेको सम्झौतालाई कायान्वयन गर्दै उहाँको जीवन रक्षा गर्नका लागि **आजकै मितिदेखि लागू हुने गरी अर्को निर्णय नहुँदासम्मका लागि देशभरका सम्पूर्ण सरकारी, निजी शिक्षण अस्पताल, अस्पतालहरु, मेडिकल कलेजहरु, नर्सिङहोम, क्लिनिक लगायतका सम्पूर्ण स्वास्थ्यसंस्थाहरुमा कार्यरत सम्पूर्ण चिकित्सकहरुले आकस्मिक बाहेकका अन्य सम्पूर्ण स्वास्थ्य सेवाहरु पूर्ण रुपमा बन्द गर्ने** निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन नेपाल चिकित्सक संघका सम्पूर्ण शाखाहरु एवं देशभरका सम्पूर्ण चिकित्सकहरुलाई यसै विज्ञप्ती मार्फत जानकारी गराउँदै यस आन्दोलनलाई सफल तुल्याउन हार्दिक आह्वान गरिन्छ ।

**आकस्मिक सेवा बाहेकका अन्य स्वास्थ्य सेवाहरु पूर्ण रुपमा बन्द गर्दै देशभरका स्वास्थ्य संस्था तथा अस्पतालका चिकित्सकहरु आ आफ्ना स्वास्थ्य संस्था वा अस्पतालको प्रांङ्गणमा उपस्थित भई नेपाल चिकित्सक संघले निर्देशन गरे अनुसारका विरोधका कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउनु हुन समेत हार्दिक आग्रह गरिन्छ ।**

हाम्रो यस आन्दोलनप्रति नर्सिङ, स्वास्थ्यकर्मी, नागरिक समाज, शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड), मानव अधिकार आयोग तथा संघ संगठनहरु, पत्रकार तथा सम्पूर्ण बुद्धिजीविहरुलाई ऐक्यबद्धताको लागि हार्दिक अपिल गर्दै देशभरका सम्पूर्ण स्वास्थ्य संस्थामा बहिरंग सेवा बन्द गर्ने परिस्थितिको सिर्जना नेपाल सरकारले नै गराएकोले यसबाट आम सर्व साधारणहरुमा पर्न जाने असुविधाप्रति नेपाल चिकित्सक संघ गहिरो दुःख व्यक्त गर्दछ ।

**भवदीय,**

**डा. लोचन कार्की**
**महासचिव**